सुनिता स्मृति प्रतिष्ठानलाई उपाधि । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१४, ● अंक-३८ ● २०७८ चैत २१ गते सोमबार, ● 04 April 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# थाहानगरले रुशभको 'खुशी फर्कायो'

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर २ का रूशभ विष्ट ५ वर्षका भए। उमेरले उनी विद्यालय भर्ना भैसक्नु पर्ने हो । तर, विद्यालय जान सकेका थिएनन् । कारण उनको दायाँ खुट्टै छैन । जन्मँदै दायाँ खुट्टामा पानीको पोका जस्तो देखापरेपछि आमा ममता गुरूङ (विष्ट)ले उपचारका लागि अस्पताल पुऱ्याइन् । डाक्टरले छिटै निको हुने आवश्वासन दिएपछि घर फर्किइन् । छोरा रूशभको व्यथा झन बल्झँदै गएपछि केही महिना नबित्दै उनको खुट्टा काट्नु पर्ने भयो । र, रूशभ बामे नसर्दै दायाँ खुट्टा गुमाउन पुगे ।



रूशभ विष्ट

निकै टाठा रूशभ पढ्न विद्यालय जान उल्कै रहर गर्थे, तर हिँड्न सक्दैन थिए । अब उनको सपनाले गति लिने भएको छ । रूशभले कृत्रिम खुट्टा पाएका छन् । थाहा नगरपालिका महिला बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र वितरण शाखाको सहयोगमा उनले खुट्टा पाएका हुन् । घर्षिँदै जीवनशैली चलाउँदै आएका रूशभले सहायोग सामाग्री वितरण भएकै ठाउँ विकास घर शिखर कोटमै ठमठमी हिँडेको जब महशुस गरे उनको खुशीको सीमा रहेन । रूशभको खुशी र विद्यालय पढ्न जाने योजना सुनेर सामाग्री वितरण कार्यक्रमका प्रमुख अतिथी तथा नगर प्रमुख लवशेर विष्ट र अतिथीहरूलाई समेत भावुक बनायो । जनप्रतिनीधिहरूले पालिकाबाट साँच्चै नागरिकमुखी कार्यक्रम स्वीकृत गरेको अनुभव गरायो । अब रूशभले विद्यालय जाने योजना बनाइसकेका छन् । उनको आमा ममताले वैशाखमै विद्यालय भर्ना गरिदिने सुनाइन् । छोराको भविष्य कोर्न सहयोग गर्ने थाहा नगरपालिकालाई ममताले धन्यवाद दिइन् ।

रूशभ जस्तै थाहा नगरपालिका वडा नम्बर ८ का पुस्कल थापाले पनि पालिकाबाट कृत्रिम खुट्टा सहयोग पाएका छन् । 'ऊ बेला खासै चप्पल लगाउन चलन थिएन, झसक्क भएको निहुँमा खुट्टा गुमाएँ, अहिले थाहा नगरपालिका मेरो सारथि भयो, पहिले झै हिँड्न सक्छु'-थापाले भने । गुमाएको खुट्टा कित्रृम रूपमै पाउँदा पनि थापा निकै खुशी भएका छन् । उनी भन्छन्-'ठमठमी हिँड्ने मात्र होइन, पोकापाकी सामान पनि बोक्न सक्ने भएको छु ।' उनको पनि दायाँ खुट्टा गुमेको थियो ।

थाहा नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार अपाङ्गता भएका व्यक्तिहरूका लागि सहायक सामाग्री वितरण कार्यक्रम राखेको थियो । यस अन्तर्गत अपाङ्ग सरोकार समितिसंगको सहकार्यमा कृत्रिम खुट्टा २ जनालाई, अर्थो जुत्ता १ जनालाई, वैशाकी १३ जनालाई, १० जना दृष्टिविहिनलाई सेतोछडी, ह्विलचियर २ जनालाई वितरण गरिएको महिला बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र वितरण शाखा प्रमुख प्रतिमा मोक्तानले जानकारी दिइन् ।

थाहा नगरपालिकाका नगर प्रमुख लवशेर विष्टको प्रमुख आतिथ्यमा विकास घर शिखरकोटमा भएको सहायक सामाग्री वितरण कार्यक्रममा

बाँकी पृष्ठ ५ मा

## साँढे ३० करोडको

# पालुङ वृहत्त खानेपानी आयोजना सम्झौता

विकास संवाददाता
थाहानगर



मकवानपुरको थाहा नगरपालिकामा पालुङ वृहत्त खानेपानी आयोजना संचालन हुने भएको छ । खानेपानी मन्त्रालय अन्तर्गत संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनासंगको साँझेदारीमा खानेपानी आयोजना संचालन हुने भएको हो । आयोजना संचालनका लागि थाहा नगरपालिका, संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना र पालुङ वृहत्त खानेपानी आयोजना उपभोक्ता समितिबीच काठमाण्डौंमा त्रिपक्षिय सम्झौता भएको छ । सम्झौतामा संघीय खानेपानी आयोजनाको तर्फबाट आयोजना प्रमुख मोहन लाल जैसी, थाहा नगरपालिकाको तर्फबाट नगर प्रमुख लवशेर विष्ट र उपभोक्ता समितिको तर्फबाट अध्यक्ष राजकुमार केसीले हस्ताक्षर गरेका छन् । त्रिपक्षिय सम्झौतामा थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरी साक्षी बसेका छन् ।

थाहा नगरपालिका वडा नम्बर १, २, ३ र ४ मा लागू हुने खानेपानी आयोजनाको कुल लागत ३० करोड ५० लाख ७८ हजार ३०१ रूपियाँ रहेको सम्झौतामा उल्लेख गरिएको छ । आयोजनाबाट चारवटा वडाका २३ हजार २२९ जनसंख्या लाभान्वित हुने नगर प्रमुख लवशेर विष्टले जानकारी दिए । सम्झौता अनुसार आयोजनाका लागि लाभान्वित क्षेत्रका नागरिकले ६ करोड ५ लाख ७४ हजार ६४८ रूपियाँ बराबर श्रमदान गर्नुपर्ने छ भने ३० लाख ५० हजार ७८३ रूपियाँ नगद दाखिला गर्नुपर्ने छ । नागरिकले नगद दाखिला गर्नुपर्ने बजेट नगरपालिकाले सहयोग गर्ने नगर प्रमुख विष्टले बताए । उनले भने-'लाभान्वित परिवारले श्रमदान मात्र गरे पुग्छ, नगद हामी दाखिला गरिदिन्छौं ।'

कुल ५०.२४ किलोमीटर प्रशारण लाइन रहेको आयोजना आर्थिक वर्ष २०८०/०८१ सम्म निर्माण सम्पन्न गर्ने सम्झौतामा उल्लेख छ । आयोजना अन्तर्गत वितरण पाइपलाईन १०२.५४ किलोमीटर हुने र ३ हजार १४५ वटा व्यक्तिगत धारा, आवश्यकता अनुसार सामदायिक र संस्थागत धारा निर्माण गर्ने सम्झौतामा उल्लेख छ ।

खानेपानी आयोजनाका लागि संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाले खानेपानी आयोजनाको डिजाइन लागत इष्टिमेट तयार गरी, स्वीकृत गराउनु पर्नेछ भने बहुवर्षिय खरिद गुरूयोजना तयार गर्ने र ठेक्का प्रक्रिया गर्ने त्रिपक्षिय सम्झौतामा उल्लेख छ । कुल लागतको ८० प्रतिशत रकम नेपाल सरकारबाट उपलब्ध गराउने, उपभोक्ता समितिको क्षमता अभिवृद्धि गराउने, उपभोक्ता समितिको जनसहभागीताको मुल्याङ्कन गर्ने, योगदान कायम गराउने समेतको कार्य संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाले गर्नुपर्नेछ । आयोजनाको कार्य सम्पन्न गरी स्थानीय तहलाई स्वामित्व हस्तान्तरण गर्नेसम्मको भूमिका आयोजनाको हुने सम्झौतामा उल्लेख छ ।

त्रिपक्षिय सम्झौता अनुसार खोपानी उपभोक्ता समितिले आयोजनाका लागि समितिको नाममा मुहान गर्दा गर्ने, खानेपानीको स्रोत सुनिश्चित गर्नुपर्नेछ । समितिले आयोजना संचालन गर्दा आइपर्ने विवाद उत्पन्न भएमा समस्या समाधान गर्ने, आयोजनाका लागि जग्गा उपलब्ध गराउने, आयोजनाको निगरानी गर्ने, श्रमदान जुटाउने, कार्य समितिले गर्नुपर्नेछ । त्यस्तै आयोजनाका क्रममा सम्झौता बमोजिमका कार्य उपभोक्ता समितिले जुटाउन नसकेमा आयोजना रद्द गर्न सक्ने समेतको बुँदा सम्झौतामा समेटिएको छ ।

आयोजना संचालनका क्रममा थाहा नगरपालिकाले ठेकेदारको कामको अनुगमन नियमित गर्नुपर्ने सम्झौतामा उल्लेख गरिएको छ । संरचनाहरूको गुणस्तर नियन्त्रणमा समेत नियमित अनुगमन गर्न संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनालाई सहयोग गर्ने दायित्व पालिकाको रहेको छ । निर्माण सामग्री तथा निर्मित संरचनाहरूको गुणस्तर कायम हुन नसके वा निर्माण कार्यमा समेत ढिलासुस्ती भई आयोजनालाई असर पर्ने अवस्था देखिएमा तत्कालै नगरपालिकाले समस्या समाधानमा सहयोग गर्नुपर्ने सम्झौतामा लेखिएको छ ।

खानेपानी आयोजनाको संरचनाहरू निर्माण सम्पन्न भएपछि संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाबाट तयार गरिने सम्पन्न प्रतिवेदनमा छलफल गरी पालिकाले सहमति प्रदान गर्नु पर्नेछ । आयोजना हस्तान्तरण पश्चात आयोजनाको स्वामीत्व थाहा नगर पालिकाको हुने सम्झौता छ ।

पालुङ वृहत्त खानेपानी आयोजना संचालनमा आएपछि खानेपानी आयोजनाको मर्मत सम्भार एवं सेवा संचालन गर्ने, आर्थिक कारोवारको हिसाब किताब र कार्य प्रगति लगायत सम्पूर्ण व्यवस्थापकीय कामकाज नगरपालिकाले गर्नुपर्ने छ भने खानेपानी सेवा सञ्चालन गरे वापत उठाउने महशुल मासिक/जडान/सदस्यता शुल्क निर्धारण तथा सङ्कलन गर्ने कार्य समेत स्थानीय तहले नै गर्नुपर्नै सम्झौतामा उल्लेख गरिएको छ ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## चुनावः महिला नेतृत्वको अवसर

निर्वाचन भन्ने वित्तिकै नेतृत्वको सवाल आइहाल्छ । संघ, प्रदेश वा स्थानीय तह जुनसुकै निर्वाचन पनि उही नेतृत्व चयनकै लागि हुने हो । अहिले स्थानीय तहको निर्वाचनको घोषणा भएसँगै स्थानीय तहको नेतृत्वमा को आउने भन्ने चर्चा हुन थालि सकेको छ । निर्वाचनमा भाग लिने मुख्य राजनीतिक दलभित्र कुन स्थानीय तहमा कसले प्रमुख पद हत्याउने भन्ने विषयमा आन्तरिक प्रतिस्पर्धा अथवा लविङ चल्नु स्वाभाविक पनि हो । स्थानीय तहको प्रमुख वा अध्यक्षमा महिलाको चर्चा भने प्रायः शून्य नै छ । महिलाको सन्दर्भमा चर्चा गरिँदा प्रायःजसो उपप्रमुख या उपाध्यक्षकै रुपमा चर्चा सुनिने गरेको छ । त्यो पनि गठबन्धन हुँदा पुरुष नै पुरुष पनि नेतृत्वमा पुग्छन् । अघिल्लो निर्वाचनलाई हेर्ने हो भने मकवानपुरको थाहा नगरपालिकामा यहि भयो । नगर प्रमुख र उपप्रमुख दुवै पुरुष । यसले हाम्रो राजनीतिक वृत्तमा अझै पनि प्रमुख पदमा महिलालाई सहजरुपमा स्वीकार गर्ने परिपाटीको विकास भइनसकेको देखाउँछ । अहिले उपप्रमुख वा उपाध्यक्षको जिम्मेवारी सम्हालिरहेकाहरु स्वयं पनि यस्तो अनुभव सुनाउने गर्छन् । त्यसो त राज्यसंयन्त्रमा महिला सहभागितामा नेपाल विश्वमै अग्रपंक्तिमा पर्छ । महिला अधिकार र प्रतिनिधित्वको सवालमा हामीले गरेको प्रगति सानो होइन । संविधान र कानुनीरुपमा नै महिला सहभागिताको विषयलाई योजनाबद्धरुपमा अगाडि बढाइएको छ ।

संविधानमा नै राष्ट्रपति र उपराष्ट्रपतिमध्ये एक जना फरक लिंग वा समुदायको हुनुपर्ने, सभामुख र उपसभामुखमा पनि फरक लिंगको रहनुपर्ने प्रावधान राखेर राज्यका मुख्य ठूला पदमा पनि महिलाको उपस्थिति सुनिश्चित गरिएको छ । स्थानीय तहमा ४१ प्रतिशत जनप्रतिनिधि महिला छन् । निजामती सेवा ऐनले ४५ प्रतिशत आरक्षित सिटमध्ये ३३ प्रतिशत महिलालाई छुट्याएको कारण प्रशासन संयन्त्रमा पनि महिलाको सहभागिता बढ्दो छ । सरसर्ती हेर्दा यी उपलब्धि आफैंमा साना होइनन्, तर पनि मिहिनढंगले हेर्ने हो भने अनिवार्य बाध्यात्मक अवस्थाबाहेकका महत्वपूर्ण सार्वजनिक पदहरूमा महिलाहरू अहिले पनि उपेक्षित नै छन् । कानुन नै बनाएर बाध्यात्मक व्यवस्था गरिएको स्थान बाहेक महिलाको प्रतिनिधित्वको सवालमा अनुदार व्यवहार जहाँतहीँ देख्न पाइन्छ । समाजमा महिलाको समान र सम्मानित जीवन सुरक्षित गर्ने सवालमा अझै धेरै काम हुन बाँकी नै देखिन्छ । ७५३ स्थानीय तहमध्ये १८ वटामा मात्र महिला प्रमुख भए । यसरी झण्डै ९८ प्रतिशत स्थानीय तहको जिम्मेवारी पुरुषलाई दिएर राजनीतिक दलहरुले नेतृत्वको हकदार पुरुषलाई मान्ने पितृसत्तात्मक सोचबाट मुक्त नभएको पुष्टि गरे ।

अहिले पाँच वर्ष उपप्रमुखको भूमिका निर्वाह गरेका महिलाहरुले प्रमुखमा दावी गरिरहँदा राजनीतिक दलहरुले त्यसलाई प्राथमिकता दिन्छन् या नेतृत्वमा पुरुषलाई नै अघि सारेर पुरानै सोच प्रकट गर्छन् त्यो भने निकट भविष्यले देखाउने नै छ । संसदभित्र महिलाहरुले गरेको प्रयासकै कारण स्थानीय निर्वाचन ऐनमा महिला सहभागिताको बाध्यकारी प्रावधान समावेश भयो । अब एक कदम अगाडि बढेर महिला नेतृत्व स्थापित गर्न महिला संघसंगठनहरु सामूहिकरुपमा एक ठाउँमा आउन किन नसक्ने ? स्थानीय निर्वाचनको पूर्वसन्ध्यामा वडाध्यक्ष र पालिका प्रमुखमा महिलाको नेतृत्व स्थापित गर्नेगरी दबाब बढाउन महिला संघसंगठनहरुले अग्रसरता बढाउन जरुरी छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# स्थानीय तहको संस्थागत विकाश र सुशासनमा स्वमुल्याङ्कन प्रणालीको भुमिका



अजय राज सुवेदी

नेपाल विश्वमा सवै भन्दा पछि संघीय शासन प्रणाली अवलम्वन गर्ने मुलुक भित्र पर्दछ । नेपालमा हाल संघ, प्रदेश र स्थानीय तह गरी तिन तहका सरकारहरू क्रियाशिल रहेका छन। तहगत सरकारको अन्तरसम्वन्ध समन्वय, सहकारिता र समन्वयको सिद्धान्तमा आधारित हुने संवैधानिक व्यवस्था रहेको छ । यसको अर्थ प्रदेशहरू संघको अधिनस्त होईनन् र स्थानीय सरकारहरू पनि प्रदेश र संघको अधिनस्त होईनन्। तहगत सरकारहरूले आफु इतरका सर कारहरूलाई आदेश, निर्देशन र नियन्त्रण गर्न सक्दैनन् तर यस व्यवस्था निरपेक्ष भने होइनन्। संघ, प्रदेश स्थानीय तहले विकास, सेवा प्रवाह र नीति निर्माणमा एक अर्कालाई सहयोग, समन्वय र सहजीकरण गर्ने सक्छन्। हाम्रो संघीयता प्रतिस्पर्धात्मक नभइ सहयोगात्मक भएकोले तहगत सरकारको शासकिय अभ्यासमा उल्लेखित विषय झल्कनु आवश्यक समेत रहेको पाउन सकिन्छ ।

### स्थानीय तहमा संस्थागत विकाश र सुसाशनको औचित्य

लोकतान्त्रिक शासन प्रणालीमा जनता सार्वभौम रहेका हुन्छन ।अधिकारको प्रयोग व्यक्ति आफैले गर्छन र व्यक्ति आफैले अधिकार प्रयोग गर्न नसकेको अवस्थामा ति अधिकार जनताको नजिकको सरकारले गर्छ त्यस कारण लोकतन्त्रलाई व्यवहारमा लागु गर्न नागरिक र स्थानीय सरकार दुबैको शसक्तिकरण आवश्यक र हेको हुन्छ ।स्थानीय सरकारहरू संस्थागत विकाशको पृष्ठपोषणले भिन्न भिन्न स्तर मा रहेका छन यस्तो अवस्थामा स्वमुल्याङ्कन प्रणालीले स्थानीय सरकारको सक्षमता र पहिचान गरी सुधारको लागि आवश्यक निति तथा कार्यक्रम तर्जुमा गर्नमा सहयोग गर्दछ । साथै यसले स्थानीय तहको संगठनात्मक ढाँचा, प्रशासनिक प्रक्रिया, वित्तिय व्यवस्था सेवा प्रवाह योजना तथा बजेट तर्जुमा मा संस्थागत परिपाटीको थिति बसाल्न सहयोग गर्दछ । त्यस्तै उत्कृष्ट कार्यसम्पादन गर्नको लागि स्थानीय तहहरू बिच प्रतिस्पर्धाको वातावरण सृजना गर्दछ ।

### स्वमुल्याङन प्रणालीको सान्दर्भिकता

संविधानतः स्थानीय सरकारहरू अधिकार सम्पन्न रहेका छन्। विधायिकी, कार्यकारणी र न्यायीक अधिकारको संस्थागत रूपमा प्रयोग भएको छ छैन ? स्थानीय सरकारलाई सवल सक्षम वनाउन कस्तो खालको कार्य योजना आवश्यक पर्ने हो ? साथै यसले स्थानीय तहको चुनौती र अवसरको समेत पहिचान गरी प्राथामिकता चयन गर्नमा समेत सहयोग गर्दछ ।

### स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आ.व. २०७७र०७८ वाट लागु हुने गरी स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ८० ले दिएको अधिकार प्रयोग गरी स्थानीय तहको संस्थागत क्षमता स्वमुल्याङन कार्यविधि, २०७७ जारी गरेको छ ।

यस कार्यविधिको उद्देश्यको रूपमा स्थानीय तहको कार्य प्रकृति र उपलब्धीहरूको बारेमा लेखाजोखा गरी सवल तथा दुर्वल पक्षहरूको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमीकमजोरीहरूको जानकारी लिन, आवधिक समिक्षाको लागि आधार लिन, सवै प्रकारका स्थानीय तहहरूको बिचमा तुलनायोग्य सुचकहरू तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराइ स्थानीय सरकारहरूलाई सक्षम तथा सवल बनाउने भनि कार्यविधिमा उल्लेख छ ।

### स्वमुल्याङ्कन कार्यविधिका विषयहरू

कार्यविधिले विषयको चयन गर्दा नेपालको संविधान, २०७२, स्थानीय सरकार सन्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का व्यस्थालाई आधार लिई बिषय क्षेत्र छनौट गरेको देखिन्छ । यसरी छनौट गरीएका १० वटा विषयगत क्षेत्रहरूमा शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, विषयगत बजेट तथा योजना व्यवस्थापन, वित्तीय तथा आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण तथा विपद् व्यवस्थापन र सहकार्य तथा समन्वय रहेका छन ।

### विषयहरूको अंकभार र सुचकहरू

प्रत्येक विषयगत क्षेत्रका लागि निश्चित अंकभार तोकिएको छ । सेवा प्रवाह क्षेत्रलाई सबैभन्दा बढी १६ तथा सहकार्य तथा समन्वय क्षेत्रलाई सबैभन्दा कम ६ अंक राखिएको छ। यसैगरी अरू विषयगत क्षेत्रहरू क्रमशः संगठन तथा प्रशासनलाई ९, शासकीय प्रबन्धलाई ८, वार्षिक बजेट तथा योजनालाई ११, वित्तीय तथा आर्थिक व्यवस्थापनलाई ११, न्यायिक कार्यसम्पादनलाई ७, भौतिक पूर्वाधारलाई १३, सामाजिक समावेशीकरणलाई १० र वातावरण तथा विपद् व्यवस्थापनलाई ९ गरी जम्मा १०० अंकभार रहेको छ ।यसमा सेवा प्रवाहमा सबै भन्दा बढी अंकभार हुनुमा स्थानीय तहहरूको मुख्य काम सेवा प्रवाह भएकोले यस्तो व्यवस्था गरिएको हुन सक्छ ।

प्रत्येक १० वटै विषयगत क्षेत्र अनुसार समग्र अवस्था, प्रक्रियागत अवस्था र परिणामगत अवस्था गरी तीन प्रकारका सूचकहरू उल्लेख गरिएको छ। प्रत्येक विषयगत क्षेत्रका सूचक अनुसार समग्र अवस्था २१, प्रक्रियागत अवस्था ३४ र परिणामगत अवस्था ४५ गरी तीन वटा सूचकहरूमा १०० अंकभार राखिएको छ । सूचक क्षेत्र अनुसार १०० वटा सूचकहरू तय गरिएका छन् ।प्रत्येक सुचकहरूमा जुटाउनु पर्ने प्रमाणहरू समेत उल्लेख गरिएको छ

### स्वमुल्याङ्कनको प्रक्रिया

स्वमूल्यांकन प्रक्रियाका लागि निर्वाचित जनप्रतिनिधि, शाखा प्रमुख तथा सम्बन्धित अन्य कर्मचारीहरू समेतको रोहबरमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । समग्र कार्य सञ्चालनका लागि प्रमुख प्रशासकीय अधिकृतले एकजना कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्ने व्यवस्था गरिएको छ । सम्पर्क व्यक्तिले तोकिए अनुसारको विषयगत क्षेत्रका सूचकहरू अनुसार तोकिएको अनलाइन सफ्टवेयरमा प्रमाणसहितका कागजपत्रहरू अपलोड गरिनेछ र सोको विश्लेषणका आधारमा नतिजा प्राप्त हुनेछ ।

यसबाट प्राप्त हुने नतिजा तथा अंकभार सम्बन्धित पालिकामा छलफल गरी कार्यपालिकाको बैठकबाट अनुमोदन गरी वेबसाइट तथा अन्य माध्यमबाट प्रत्येक आर्थिक वर्षको पुस मसान्तसम्म सार्वजनिक गर्नुपर्ने नीतिगत व्यवस्था गरि एको छ भने माघको पहिलो हप्ताभित्र सम्बन्धित जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा मन्त्रालयमा पेश गरिसक्नुपर्ने नीतिगत व्यवस्था गरिएको छ ।

संविधानको मर्म अनुरूप स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरू वहाल भइसकेको अवस्थामा यस प्रकारको मूल्याङ्कन पद्धतिका बारेमा विभिन्न टीकाटिप्पणी गरिएको छ । तीन तहको सरकारको सहअस्तित्वलाई संघीय सर कारले स्वीकार गर्न कन्जुस्याईं गरेको अर्थमा पनि बुझ्ने गरेका छन् तर यसको मर्म र भावना भने विल्कुल फरक रहेको छ ।

### स्वमुल्याङ्कनका समस्याहरू

गत बर्ष यस प्रणालीको कार्यान्वयन गर्दा काठमाण्डौ तथा पोखरा महानगरपालिकाहरूले यसलाई कार्यन्वयन नै नगर्ने भनेर स्थानीय तथा प्रादेशिक सहयोग कार्यक्रमका परामर्शदाताहरूलाई अवरोध गरे पछि मन्त्रालयले नै यस विषयमा सहजीकरण गरेपछि उक्त महानगरपालिकाहरूमा कार्य सुरू भएको थियो ।

गाउँपालिका राष्ट्रिय महासंघ र नगरपालिका राष्ट्रिय महासंघले समेत संघीय सरकारले स्थानीय तहको कानुनी तथा संवैधानिक स्वायत्तामा आँच ल्याउन उक्त कार्यविधि जारी गरेको भनि गुनासो गरेका थिए यसबाट के प्रष्ट हुन्छ भने यस विषयमा स्थानीय तहका जनप्रतिनिधिको प्रतिवद्धता र स्वामित्व लिन नचाहेको स्पस्ट हुन्छ । साथै उल्लेखित कार्यविधिको दायरा पनि साघुरो रहेको छ । सार्वजानिक खरिद कानुनको बिषयलाई समेट्ने गरी यसका सुचक तयार नपारिनु यसको एक दृष्टान्त हो । बिषयगत क्षेत्रको अंकभार समेत सन्तुलित छैन । शिक्षा, स्वास्थ्य, कृषि तथा पशुका सुचकहरू कम हुनु यसका उदाहरण हुन । यस बिषयमा स्थानीय तहले आवश्यक वजेटको व्यवस्था गर्नुपर्ने भनि कार्यविधिमा उल्लेख छ तर स्थानीय

*बाँकी पेज ३ मा*

विकास
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
२०७८ चैत २१ गते सोमबार, 04 April 2022, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


## मालपोत कार्यालय शिखरकोट मकवानपुरको नामसारी सम्बन्धी हकदावीको पैंतीस दिने सार्वजनिक सूचना

निवेदक: श्याम काजी गोपाली

मृतक जग्गाधनी: शक्र बहादुर गोपाली

जिल्ला मकवानपुर जिल्ला, दामन वडा नं. ४ बस्ने निवेदक **श्याम काजी गोपालीले** मेरो बाजे **सक्त बहादुर/शुक्र बहादुर भन्ने शक्र बहादुर गोपाली** को नाममा जग्गा दर्ता श्रेस्ता कायम रहेको **साविक शिखरकोट वडा नं.-३ कि.नं. ३८० क्षेत्रफल ज.रो. ३-१५-०-१, वडा नं.-५ कि.नं. ५६ क्षेत्रफल ज.रो.** २-४-०-०, **वडा नं.-५ कि.नं. १६७ क्षेत्रफल ज.रो. ४-१-३-१, वडा नं.-६ कि.नं. २३५ क्षेत्रफल ज.रो.** ०-४ २-३ जग्गा मेरो नाममा एकलौटी नामसारी गरिपाउँ भनी निवेदन पेश भएकोमा निवेदकको साथमा सक्कल जग्गाधनी प्रमाण पुर्जा नभएको, फोटो टाँस ना.प्र.नं. कायम नभएको, ज.ध.को वाजे बासु गोपाली र बासु बिष्ट कायम देखिएको, ज.ध.को मिति २०६६।०८।१४ मा मृत्यु भएको निजको श्रीमती पुइकी **माया गोपाली**को पनि मिति २०६९।०२।१९ मा आफ्नै कालगतिले मृत्यु भएको, निजहरुको दाम्पत्य जीवनबाट २ भाई छोराहरु **बाबुकाजी गोपाली र भुईंचा गोपालीको** जायजन्म भएकोमा कान्छा छोरा भुईंचा गोपाली मिति २०४६।०९।२४ बाट अविवाहित अवस्थामै बेपत्ता भएको, जेठा छोरा बाबुकाजी गोपालीको मिति २०६६।०८।१४ मा र निजको एकमात्र **श्रीमती कोपमाया गोपालीको** मिति २०६६।०४।२४ मा मृत्यु भएको, निजहरुको दाम्पत्य जीवन बाट एक मात्र छोरा **श्यामकाजी गोपालीको** जन्म भएको भएकोले जग्गाधनी मृतकाको नजिकको हकदार **निवेदक श्याम काजी गोपाली मात्र** भएको व्यहोराको थाहा नगरपालिका ३ नं. वडा कार्यालयको च.नं. ९८४ मिति २०७८/११/२६ को सिफारिस समेत पेश भएकोले यसमा निवेदकको माग दाबी सत्य नभई झुठा भए वा मृतक ज.ध.का अन्य कोही हकदार भए वा निवेदकको माग बमोजिम भई जाँदा अरु कसैको कानुनी हक अधिकारमा वा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकूल असर पर्ने भए वा निवेदकको माग बमोजिम नामसारी हुन/गर्न नहुने कुनै मनासिव कारण भए यो सूचना प्रकाशित भएको मितिले पैंतीस दिन भित्र **मालपोत कार्यालय शिखरकोट मकवानपुरमा** स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला। अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ। पछि कुनै उजुरबाजुर लाग्ने छैन भनी कार्यालयबाट भएको आदेश बमोजिम यो पैंतीस दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |




# बेसारको नियमित प्रयोगले क्यान्सर नियन्त्रणमा फाइदा पुग्छ ?

नेपालसहित दक्षिण एसियाली देशमा खानामा बेसारको प्रयोग गरिन्छ। बेसारले स्वाद बढाउने मात्र नभई शरीर स्वस्थ राख्न पनि मद्दत गर्छ।

बेसारको प्रयोगबाट मुटुसम्बन्धी समस्या, पाचन प्रणालीको समस्या, डायबिटिज, डिप्रेसन, अल्जाइमर जस्ता रोगबाट बच्न सकिने तथ्य सार्वजनिक भएका छन्। बेसारमाथि गरिएका विभिन्न अध्ययन अनुसन्धानमा त्यसमा औषधीय गुण भएको यौगिक करक्युमिन पाइएको छ।

मुसामा प्रयोग गरिएको बेसारमा करक्युमिनले क्यान्सर बढ्न नदिन मद्दत गरेको अध्ययनले देखाएको छ। तर बेसारमा दुई तीन प्रतिशत करक्युमिन पाइने हुँदा शरीरले यसको सबै मात्रा लिन सक्दैन। बेसारसम्बन्धी गरिएका विभिन्न अध्ययनले खानामा बेसारको मात्राबारे पनि उल्लेख गरेका छन्।

बेसारको मात्रा दैनिक प्रयोग गर्ने वा स्वस्थ रहन त्यसमा पाइने तत्व करक्युमिनको दैनिक प्रयोग गर्नेबारे विभिन्न अध्ययन भइरहेका छन्।

### कसरी भयो अनुसन्धान ?

बेसारबारे अध्ययनका लागि बेलायतको न्युकासल विश्वविद्यालयले एक समूह बनाएर यसबारे अनुसन्धान गरेको छ। अनुसन्धानमा एक सय जना स्वयंसेवकलाई तीन समूहमा विभाजित गरिएको थियो।

जसमा पहिलो समूहलाई हरेक दिन एक चम्चा बेसार खुवाइयो भने दोस्रो समूहलाई एक चम्चा बेसार सप्लिमेन्टका रूपमा खुवाइयो। र, तेस्रो समूहलाई बेसार भनेर अरू नै चिज खुवाइयो।

अनुसन्धाताले उनीहरूको रगतमा तीनवटा परीक्षण गरे। बेसार खुवाएको पहिलो समूहका स्वयंसेवकमा रक्तकोषमा हुने जलनलाई नियन्त्रण गरी प्रतिरोध गरेको र रोग प्रतिरोधात्मक क्षमता बढाएको देखियो।

यसबाट बेसारले रक्तकोषमा हुने जलनलाई घटाउनुका साथै डायबिटिज जस्ता समस्यालाई घटाउन सक्ने तथ्य पत्ता लाग्यो। यो परीक्षण न्युकासल विश्वविद्यालयको पीबी बायोसाइन्सले विकसित गरेको थियो। जसलाई अक्सिडेटिभ स्ट्रेस भनिन्छ।

दोस्रो समूहमा रहेकाहरूको सेता रक्तकोषको गणना गरियो। डीएनएको नतिजाका लागि यो आवश्यक थियो। यो परीक्षणले उनीहरूमा प्रतिरोधात्मक क्षमताको स्थितिबारे समेत जानकारी दियो।

तेस्रो परीक्षण युनिर्भसिटी कलेज लण्डनबाट गरियो। यसमा डीएनएको मेथिलेसनको बारेमा पत्ता लाग्यो। बेसारको क्यान्सर रोकथाम तथा नियन्त्रण गर्ने गुणबारे यो अध्ययन गरिएको थियो।

न्युकासल विश्वविद्यालयमा विकसित गरिएको अक्सिडेटिव स्ट्रेस अनुसार तीनै समूहका उनीहरूमा यसको मात्रा भने बराबर थियो। रोग प्रतिरोधात्मक क्षमतामा मौसम परिवर्तनले प्रभाव पार्छ। घामले अक्सिडेटिव स्ट्रेस बढाउँछ। जुन असर तीनै समूहमा देखिन थालेको थियो। सेता रक्तकोषको गणनाबाट तीनै समूहमा इम्युन कोषिकामा कमी आएको पत्ता लाग्यो। सबै समूहमा यो बराबर मात्रामा घटेको थियो।

बेसार खाने र बेसारको नाममा अन्य कुरा खाएकाहरूको डीएनए मेथिलेसनमा कुनै अन्तर थिएन। तर जसले खानामा बेसार प्रयोग गरिरहेका थिए उनीहरूको मेथिलेसनमा अन्तर थियो।

### नतिजा के आयो ?

बेसारले शरीरलाई फाइदा वा घाटा के गर्छ भन्न नसकिएपनि यसले फाइदा गर्ने देखिएको छ। तर अनुसन्धाताले अनुसन्धानमा सहभागी भएकाहरूको र गत नमुनामा करक्युमिनको स्तरको मात्रा विश्लेषण गरेको थिएन।

सर्वसाधारण खानामा बेसार प्रयोग गरिरहेका थिए। उनीहरूले आफ्नो खानेकुरा बदलेका थिए। जसकारण मेथिलेसनमा परिवर्तन भएको थियो। तर यो बेसारको असर थिएन।

### खानामा बेसार प्रयोग गर्दा र त्यत्तिकै खानुमा के फरक छ ?

खानामा बेसार प्रयोग गर्नाले हाम्रो शरीरलाई करक्युमिन लिने स्तर निर्धारण गर्छ। करक्युमिन लिपोफिलिक हुन्छ। अर्थात् यो बाँधिएको हुन्छ।

खानामा बेसारको प्रयोग गर्दा करक्युमिन तेलमा मिसिन्छ र हाम्रो शरीरले यसलाई लिने काम गर्छ। तेलमा तारेको खुर्सानीले पनि यो काम गर्छ। यसमा भएको पिपरिन तत्वले यस्तो काम गर्ने गर्छ। तारेका खुर्सानी र बेसार राखेको खानेकुरा खाँदा स्वास्थ्यका लागि राम्रो हुनसक्छ।

अनुसन्धानले बेसारले मानव शरीरमा पार्ने प्रभावबारे पत्ता लगाउने चर्चा गरेको थियो। उक्त अध्ययनले बेसारले क्यान्सरलाई नियन्त्रण गर्न सक्नेबारे अनुसन्धान अगाडि बढाउनुपर्ने निष्कर्ष निकालेको छ।

बेसारको नियमित सेवनले शरीरमा बिस्तारै सकारात्मक पार्ने उक्त अध्ययनले देखाएको छ। बेसारले शरीरलाई स्वस्थ राख्नुका साथै पुराना रोगबाट बचाउन सक्ने अध्ययन प्रतिवेदनमा उल्लेख छ।

*-बीबीसी हिन्दीबाट*




### स्थानीय तहको संस्थागत....

तहहरूले यस कामको लागि आवश्यक स्रोतको व्यवस्था गर्न सकेका छैनन्।

कामले साधन तथा स्रोत माग गर्छ साधन स्रोत विनाको कामले सकारात्क नतिजा हासिल गर्नमा बाधा पुर्याउने गर्छ। स्थानीय सेवाका कर्मचारीको क्षमता विकाश पक्षलाई आज सम्म कुनै पनि तहका सरकारले ध्यान दिन नसक्दा यस स्वमुल्याङ्न प्रणाली वास्तविक रूपमा लागु हुने संका देखिन्छ। यसमा नितिगत रूपमा उत्कृष्ट पालिकाहरू घोषणा गर्ने व्यस्था गरिएकोमा गत बर्ष यस नितिगत व्यवस्था मन्त्रालय नै कार्यान्वयन गरेन। करिव १०० वटा स्थानीय तहले स्वमुल्याङ्न नतिजा नै सार्वजानिक गरेनन् जसमा प्रदेश नं २ का स्थानीय तहहरको बाहुल्यता अत्याधिक रहेको थियो। यसवाट स्थानीय तहहरू छाडा भएका भनि आलोचना गर्नेहरूलाई नै बल दिएको छ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०८७५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# जनप्रतिनीधिहरुलाई भाषण कला र नेतृत्व विकास तालिम

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाका अन्तर्गतका महिला जनप्रतिनीधिहरूलाई उद्घोषण/भाषण कला तथा नेतृत्व तथा क्षमता विकास तालिम दिइएको छ । थाहानगरको महिला बालबालिका जेष्ठ नागरिक तथा अपांग परिचयपत्र वितरण शाखाको आयोजनामा भएको तालिममा पालिका अन्तर्गतका महिला जनप्रतिनीधिहरूको सहभागिता रहेको शाखा प्रमुख प्रतिमा मोक्तानले बताइन् । तीन दिनसम्म शिखरकोटको संचालन भएको तालिमका सहभागीहरूलाई सुशिल गिरी र नवराज थापाले सहजीकरण गरेका थिए ।

तालिम समापन कार्यक्रम थाहा नगरपालिका सामाजिक विकास समितिका संयोजक तथा वडा नम्बर ११ का वडा अध्यक्ष किरणमान बलको सभाध्यक्षतामा भएको थियो । समापन कार्यक्रममा सामाजिक विकास समितिका उय संयोजक विष्णु बहादुर गुरूङ, कार्यपालिका सदस्यहरू जानुका ढकाल, कविता कार्की, सुन्तलीमायाँ गुरूङलगायतकाको आतिथ्यता रहेको थियो ।

सहभागीहरूले तालिम निकै प्रभावकारी भएको प्रतिक्रिया दिएका थिए । उनीहरूले सिकेको सीपलाई व्यवहारमा उतार्ने प्रतिवद्धता व्यक्त गरेका छन् । स्थानीय तहको निर्वाचन नजिकीदै गर्दा यस किसिमको तालिमले सभा सम्मेलनमा समेत सहयोग पुग्ने सहभागी समेत रहेकी सुन्तलीमायाँ गुरूङले बताइन् । तालिमले व्यक्तिगत रूपमा पनि निकै फाइदा पुगेको सहभागहिरूको भनाइ थियो ।

# थाहाको स्थानीय पाठ्यक्रम पछाई हुँदै

◆ विकास संवाददाता

थाहा नगरपालिकाले स्थानीय पाठ्यक्रम प्रकाशनका लागि आव्हान गरेको दरभाउपत्रको मूल्याङ्कन गरी आशयको सूचना जारी गरेको छ । पालिकाले २७ फागुनमा प्रथम पटक र १२ चैतमा दोस्रो पटक प्रकाशन गर `को सूचना अनुसार पर्न आएका बोलपत्रहरू मध्येबाट मूल्याङ्कन गरी सूचना प्रकाशन गरेको हो ।

बोलपत्रहरूका सम्बन्धमा १८ चैतमा बसेको मूल्याङ्कन समितिको बैठक अनुसार मैना प्रिन्टिङ प्रेस एण्ड मिडिया प्रा.लि. काठमाण्डौले सबैभन्दा कम ६ लाख ४६ हजार ६३० रूपियाँमा स्थानीय पाठ्यक्रमको पुस्तक छाप्ने कबुल गरेको छ । बैठकले उक्त कबुल स्वीकृत तथा सिफारिस गरेको थाहा नगरपालिकाले जनाएको छ ।

# एमाले मकवानपुरले २५ चैतसम्म उम्मेद्वारहरु टुंगो लगाउने

◆ विकास संवाददाता

नेपाल कम्युनिष्ट पार्टी (एमाले) मकवानपुरले आगमी २५ चैतसम्म स्थानीय तह निर्वाचनको लागि उम्मेद्वारहरू टुंगो लगाउने भएको छ ।

एमाले मकवानपुरको १५ चैतमा बसेको सचिवालय बैठकले सर्कुलर जारी गर्दै निर्वाचन सम्वन्धी कार्यतालिका निर्माण गरेको छ । कार्यतालिका अनुसार गाउँपालिकाको वडा कमिटीको बैठक चैत्र २३ र २४ गते तथा पालिका बैठक २५ गते तय भएको छ ।

वडा कमिटीको बैठकले वडा अध्यक्षसहित सदस्यहरूको उम्मेदवार तथा पालिका बैठकले प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्षको उम्मेदवारहरू तय गरी जिल्ला कमिटीलाई सिफारिस गर्नेछ ।

त्यसैगरी जिल्ला कमिटीको बैठक चैत्र २९ गते बस्ने र जिल्ला कमिटीले स्थानीय प्रदेशलाई उक्त नाम अनुमोदनको लागि सिफारिस गर्नेछ । बैठकले पार्टीलाई स्थानीय तहमा विजयी बनाउनको लागि सबै जनसंगठनहरूलाई निर्वाचन केन्द्रीत कार्यक्रमहरूमा परिचालन गर्ने, मतदाता नामवलीको अध्ययन गर्ने, मतदाता शिक्षा कार्यक्रमलाई प्रत्येक वडामा लागु गर्ने लगाएको निर्णय गरेको एमाले मकवानपुरका सचिव नविन सिग्देलले बताए ।

# थाहानगरमा स्थानीय चुनावः मन्त्रीबाटै पार्टीको वडा कार्यालय उद्घाटन

◆ विकास संवाददाता

स्थानीय तह निर्वाचन नजिकिदै गर्दा नेकपा माओवादी केन्द्र थाहानगरले चुनावी अभियानलाई तिव्रता दिन थालेको छ । अभियान अन्तर्गत अगुवा कार्यकर्ता प्रशिक्षण, वडा बैठक तथा संभावित उमेद्वारहरूकाबचि छलफल समेत चलाउन थालेको छ ।

यसैबीच बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले केन्द्रका प्रदेश सदस्यहरू ज्योति रायमाझी, विष्णु विष्ट 'आदर्श', प्रदेश समन्वय समिति सदस्य जगन्नाथ ढकाल, जिल्ला समन्वय समिति सदस्य तथा भुमी आयोग मकवानपुरका सदस्य अरूण रायमाझी, नगर अध्यक्ष बिनोद लामालगायतका नेताहरूको उपस्थिती थियो । भेलामा अघिल्लो चुनावको आत्म समिक्षा समेत गरिएको थियो ।

त्यस्तै थाहानगरको ३ नम्बर वडामा अध्यक्ष हिरेन्द्र रायमाझीको अध्यक्षतामा



नेकपा माओवादी केन्द्र थाहानगरको १ नम्बर वडा कार्यालय १५ चैतमा उद्घाटन गरिन् । १५ चैतमै पार्टीको २ नम्बर वडा कमिटिको आयोजनामा अगुवा कार्यकर्ता भेला तथा चुनावी प्रशिक्षण कार्यक्रम भएको छ । पार्टीको २ नम्बर वडा अध्यक्ष शंकर तामाङको अध्यक्षतामा भएको कार्यक्रममा माओवादी केन्द्रका केन्द्रिय सदस्य तथा थाहा-इन्द्रसरोवरका चुनावी कमान्डर सन्तोष बिष्ट, माओवादी केन्द्र केन्द्रिय सहकारी विभागका केन्द्रिय सदस्य बिष्णुहरि ढकाल 'जंगली', माओबादी भेला भएको छ । कार्यक्रममा माओवादी केन्द्र सहकारी विभागका केन्द्रिय सदस्य विष्णुहरि ढकालले सम्बोधन गरेका थिए । उनले एमालेले चित्लाङको बाटोमा राजनिती गरिरहेको आरोप लगाए । ढकालले भने-'सडक निर्माणमा बजेट हाल्ने सरकार, काम गर्ने ठेकेदार तर सडक हेर्ने नाममा कथित सरोकारवाला समिती भन्दै जनतासंग खाजा रकम भन्दै पैसा उठाउदै ढुङ्गाा बेचिरहेको छ ।' माओबादी केन्द्र थाहा नगरका अनुसार १५ चैतमै वडा न १० मा चुनावी रणनीति तयसहित कार्यकर्ता भेला भएको छ ।

# सुविधा त्याग्ने राक्सिराङ गाउँपालिकाका जनप्रतिनीधि पहिलो



◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङ गाउँपालिकाका जनप्रतिनिधिले आफूहरूले पाउँदै आएको सरकारी सुविधा त्यागेको स्वघोषणा गरेका छन् । निर्वाचित भएको कार्यकालको अन्तिमतिर आउँदै गर्दा १९ चैतमा राक्सिराङ-९ स्थित गैजुराङमा अन्तिम कार्यपालिका बैठक बस्दै जनप्रतिनिधि भएबापत आफूहरूलाई प्राप्त भएको सरकारी सवारी तथा तलब भत्ता त्याग गरेको घोषणा गरेका हुन् । राक्सिराङ गाउँपालिकाका जनप्रतिनीधि जिल्लामै सरकारी सुविधा त्याग्ने पहिलो पालिका भएको छ ।

गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, ९ वटै वडाका वडाध्यक्ष, कार्यपालिका सदस्यसहितको बैठकले आफूहरू अब आआफ्नो पार्टीको चुनावी प्रचारप्रसारमा व्यस्त हुनुपर्ने भएकाले नैतिकताको आधार मा सरकारी सुविधा त्याग गरेको घोषणा गरेका हुन् । सरकारले आगामी वैशाख ३० गतेको लागि स्थानीय तहको निर्वाचन घोषणा गरेसँगै दलहरूमा निर्वाचनको चटारो सुरू भइसकेको छ ।

२०७४ सालको स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसबाट विजयी भएका अध्यक्ष राजकुमार मल्ल, उपाध्यक्ष निर्मला हिमडुङसहित कांग्रेस र अन्य दलबाट निर्वाचित वडाध्यक्ष र कार्यपालिका सदस्यहरूबीच १९ चैतको अन्तिम कार्यपालिका बैठककाबीच एकअर्कालाई फूलमाला र अबीर लगाएर बिदा भए । 'हामीले राजीनामै दिएर पनि चुनावमा होमिन सक्थ्यौं तर, त्यसो गर्दा जनताको काम प्रभावित हुने देखिएकाले कार्यालयबाट हुने जनताको काम चाहिँ गर्ने तर, सरकारी सुविधा चाहिँ त्याग गर्ने निष्कर्षमा पुगेका छौं ।' गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले भने-'अर्को पटक पनि पार्टीले टिकट दिएमा र जनताले पत्याएमा पुनः गाउँपालिकाको काम कारबाही सम्हाल्न हामीमध्ये धेरै पुनः दोहोरिन सक्छौं । अहिलेलाई सबै सुविधा त्यागेर उच्च नैतिकता प्रस्तुत गरेका छौं ।'

करिब पाँच वर्षसम्म सँगै यात्रा गर्दा कार्यापालिका सदस्यहरूबाट धेरै सहयोग प्राप्त भएको र आफूहरूले सोचेभन्दा धेरै काम गर्न सफल भएको पनि अध्यक्ष मल्लले स्मरण गरे । 'हामी फरक फरक पार्टीबाट निर्वाचित भएर आएका थियौं । फरक पार्टी र फरक विचार हुँदा काम गर्न अप्ठेरो भएका अन्य स्थानीय तहका धेरै उदाहरण छन् तर, हाम्रोमा कुनै दिन पनि त्यस्तो विवाद भएन । जनताको काममा हामी एक मन भएर लाग्यौं ।' अध्यक्ष मल्लले भने । उनले आफ्नो कार्यकाल सफल बनाउन भूमिका खेल्ने सबै क्षेत्रका व्यक्तित्व र संघसंस्थाहरूलाई पनि धन्यवाद र आभार व्यक्त गरे ।

बैठकमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिृकत देवचन्द्र गर्तौलाले जनप्रतिनिधिहरूलाई बिदाई गर्दै आगामी निर्वाचनबाट जोसुकै निर्वाचित भएर आएता पनि कानुन, विधि र प्रक्रियामा रहेर आफूहरू सहयोग गर्न तयार रहेको बताए ।



अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरु
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहानगरमा एमाले विरुद्ध गठबन्धन यस्तो छ निर्णय ?

◆ विकास संवाददाता

स्थानीय तह निर्वाचनका लागि सत्ता गठबन्धन सम्बद्ध दलहरूबीच साझा उमेद्वार बनाउने विषयमा थाहा नगर पालिकामा पहिलो बैठक भएको छ । १९ चैतमा नेपाली काँग्रेस थाहानगरको कार्यालयमा बैठक भएको हो ।

३० वैशाखमा हुने स्थानीय तह निर्वाचनमा नेकपा एमाले विरूद्ध सत्ता गठबन्धनका दलहरू चुनावी तालमेलसहित अघि बढ्ने केन्द्रको निर्णय अनुसार थाहानगरमा पनि दलहरूबीच बैठक भएको हो । बैठकमा संघीय सर कारमा रहेका पार्टीहरूबीच चुनावीका लागि साझा उमेद्वार बनाई थाहानगरमा अघि बढ्ने निर्णय भएको बैठकमा सहभागी नेपाली काँग्रेस थाहानगर सभापति प्रमोदकृष्ण जोशीले जानकारी दिए । 'आजको बैठकमा केन्द्रको परिपत्र अनुसार चुनावी गठबन्धन गर्ने निर्णय भएको छ, पदको विषयमा अर्को बैठकमा छलफल हुन्छ'–सभापति जोशीले भने ।

थाहानगर गठबन्धनको अर्को बैठक २१ चैत विहान ७ बजे नेकपा माओवादी केन्द्रको कार्यालयमा बस्ने गरी १९ कात्तिकको बैठक समिएको हो । १९ चैतमा भएको बैठकमा नेपाली काँगेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चा सहभागी थिए । बैठक थाहानगर काँग्रेस सभापति प्रमोद कृष्ण जोशीको अध्यक्षतामा भएको थियो ।

# थाहाको ५ वटा वडामा दोस्रो भएको काँग्रेसले कति वडा पाउला ?

◆ विकास संवाददाता

स्थानीय तह निर्वाचनको सरगर्मी बढेसंगै मकवानपुरको थाहा नगरपालिकामा सत्तारूढ गठबन्धन र उमेद्वारको विषयमा चर्चा बढ्न थालेको छ । मूलतः सत्ता गठबन्धनले चुनावी तालमेल गर्ने र वडा तथा प्रमुख उपप्रमुखको पद बाँडफाँड कसरी होला भन्ने विषयले सबैको ध्यान खिचेको छ । अघिल्लो निर्वाचनमा तत्कालिन माओवादी र एमालेले ६/६ वटा वडा जितेको थाहानगरमा हाल ११ नम्बर वडा अध्यक्ष नेकपा एकीकृत समाजवादी (एस) भए पश्चात् अहिले एमालेको ५ वटा वडामा मात्र नेतृत्व रहेको छ ।

गठबन्धनको १९ चैतमा काँग्रेस थाहानगर कार्यालयमा बसेको बैठकले २१ चैतमा बस्ने अर्को बैठकले वडा बाँडफाँडको विषयले समेत प्रवेश पाउने जनाइ रहँदा कति वटा वडा काँग्रेसले पाउला भन्ने सवाल अर्को चासोको विषय भएको छ ।

माओवादीले गठबन्धन भएपनि आफूले जितको वडा नछोड्ने बताइर हँदा हार्ने वडा काँग्रेसको भागमा पर्ने भएपछि त्यसले पनि असन्तुष्टि पैदा गर्ने जनाइएको छ । पहिलो निर्वाचनमा माओवादीले वडा नम्बर १, ३, ४, ७, ८ र ९ को अध्यक्ष जितेको थियो ।

तर, नेपाली काँग्रेसले एउटै पनि वडा जितेको थिएन । नेपाली काँग्रेसले कुनै पनि वडा नजितेको भए पनि ५ वटा वडामा प्रतिस्पर्धी भएको छ । पहिलो चुनावमा काँग्रेस वडा नम्बर ५, ६, ७, १० र १२ मा दोस्रो दलको रूपमा स्थापित भएको हो । अबको निर्वाचनमा केही गृहकार्य गरे यि वडा सहजै विजय हासिल गर्न सक्ने काँग्रेसको अनुमान छ भने माओवादी पनि आफू दोस्रो भएको वडा नम्बर २ र ११ मा जित हासिल गर्ने दाउमा छ । यसो हुँदा २ वटा वडामा विजयी थप्ने माओवादीको आँकडा छ । गठबन्धनको वैठक २१ चैत विहान नेकपा माओवादी केन्द्र थाहानगरको कार्यालयमा बस्दैछ । वैठकले उमेद्वार टुङ्गो नलगाएपनि वडा बाँडफाँड गर्ने बताइएको छ ।

## थाहानगरले रुशभको ... ..

थाहानगर अपाङ्ग समन्वय समितीका अध्यक्ष मनलाल गोपाली, चितवन अर्थोपेडिक अस्पतालका डाक्टर विष्णु प्रसाद अधिकारी, सामाजिक विकास समितीका सदस्य जानुका ढकाल, कार्यपालिका सदस्य कबिता कार्की, थाहा–४ का कार्यवाहक अध्यक्ष अध्यक्ष नारायण लामा तथा महिला तथा बालबालिका शाखा प्रमुख प्रतिमा मोक्तानलगायतकाको उपस्थिती रहेको थियो ।

सामाग्री वितरण कार्यक्रममा नगर प्रमुख लवेर विष्टले अपांगता भएको नागरिकको सामाजिक सुरक्षाबाट नगर कहिल्यै नपन्छिने प्रतिवघता व्यक्त गरे । फरक क्षमता भएका नागरिकको आधारभुत आवश्यकताको ग्यारेन्टी राज्यले लिनुपर्ने बताए । उनले भने–'नागरिकको पहुँच हुने र नजिकको सरकार हामी हौं, त्यसैले तपाईहरूलाई हामी सहयोग गर्छौं ।' सामाजिक विकास समितिको संयोजक किरणमान बलले अपाङ्गता भएको ब्यक्तिको लागि नगरपालिकाद्वारा सिपमुलक तथा आयमुलक तालिमको ब्यबस्था गर्नुपर्ने बताउदै आफ्नो कार्यकालमा यस्ता कार्य गर्न नसकेपनी अब नयाँ आउने जनप्रतिनिधिलाई सो कार्य गर्न आग्रह गरे ।

सामाजिक विकास समितिका संयोजक किरणमान बलको सभाध्यक्षतामा भएको कार्यक्रममा अपाङ्गता भएका ब्यक्ती तथा उनिहरूका परिवारहरूको उपस्थिती रहेको थियो ।

# सहकारी दिवसको अवसरमा थाहानगरमा अन्तरक्रिया

◆ विकास संवाददाता




मकवानपुर थाहानगरमा रहेको पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि.को आयोजनामा ६५ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा २० चैतमा अन्तरक्रिया कार्यक्रम भएको छ । 'मर्यादित व्यवसाय र प्राविधिमा सहकारी संस्था' भन्ने मुल नाराकासाथ दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रम भएको हो ।

अन्तरक्रिया कार्यक्रममा थाहानगर भित्र रहेका सहकारी संस्थाहरूका संचालक समितीका सदस्य तथा प्रमुखहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा पाथिभरा बचत तथा ऋण सहकारी संस्था फाँटबजारका अध्यक्ष गोकर्ण बरूवाल, बज्रबाराही बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष फणीन्द्रनाथ सुवेदी, समृद्ध कृषि सहकारीका अध्यक्ष कल्पना बलामी, दामन कृषि सहकारी संस्थाका रामशरण केसी, चेतनशील महिला बचत तथा ऋण सहकारी अध्यक्ष कविता बिष्टलगायतकाको सहभागिता रहेको थियो ।

कार्यक्रमका वक्ताहरूले ६५ औ सहकारी दिवसको अवसरमा शुभकामना दिदै सहकारीले समुदायमा छरिएर रहेको पुँजी र बैंकको पहुँच बाहिर रहेका मानिसहरूलाई आवद्ध गराई आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको बताएका थिए । वि.सं २०१३ साल चैत २० गते चितवनमा बखानपुर ऋण सहकारी समिति स्थापित भएसंगै नेपालमा सहकारी अभियान शुभारम्भ भएको अवसर मा २० चैतलाई सहकारी दिवसको रूपमा मनाइँदै आएको छ ।

थाहानगरका सहकारीहरू एकापसमा सकार्य गर्दै अगाडि बढ्नुपर्ने तथा प्रविधिको उच्चत्तम प्रयोग गरि अगाडि बढ्नुपर्ने वक्ताहरूको भनाइ थियो । कार्यक्रममा पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका व्यस्थापक प्रकाश पौडेल, सहव्यवस्थापक रामप्रसाद ढकाल, संचालक समितिका सदस्यहरू तथा नगर भित्र रहेका सहकारी प्रमुखहरूको उपस्थिती रहेको थियो । कार्यक्रम पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष पुरूषोत्तम कार्कीको सभाध्यक्षतामा भएको थियो ।

यसैबीच थाहानगरका तीन वटा सहकारीले शिखरकोटमा संयुक्त दीप प्रज्वलन गरेर सहकारी दिवस मनाएका छन् । ६५ औं सहकारी दिपवसको अवसरमा २० चैत साँझ चेतनशील महिला बचत तथा ऋण सहकारी स.स्थाको कार्यालय शिखरकोट प्राङ्गणमा दीप प्रज्वलन गरिएको हो । चेतनशील महिला बचत तथा ऋण सहकारी संस्था लि, कुण्डलदेवी बहुउद्देश्यीय सहकारी संस्था र शिखर बचत तथा ऋण सहकारी स.सथा लि. संयुक्त रूपमा दीप प्रज्वलन गरेर सहकारी दिवस मनाएका हुन् । चेतनशील महिला बतथ तथा ऋण सहकारी स.स्थाकी अध्यक्ष कबिता विष्टको अध्यक्षतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा कुण्डलदेवी बहुउद्देश्यीय सहकारी संस्थाका व्यवस्थापक राजन मिश्र, शिखर बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक सुमन विष्ट, सामी परियोजना थाहा नगरपालिकाकी मेरिना खत्री, बागेश्वरी कृषि सहकारीका व्यवस्थापक मिरा खड्का, प्राथमिक स्वास्थ्य केन्द्रका सह लेखापाल एलिना खत्री, फरक सोचका यादवजंग रायमाझी, प्रेस सेन्टर थाहानगर अध्यक्ष शम्भु अधिकारी, चेतनशील सहकारीकी सकुन्तला गोपालीलगायतकाको सहभागिता थियो ।

# सुनिता स्मृति प्रतिष्ठानलाई उपाधि

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको वाराहीचौरमा भएको शहीद सुनिता स्मृति जिल्लास्तरीय भलिबलको उपाधी आयोजक सुनिता स्मृति प्रतिष्ठानले हात पारेको छ । उपाधी जितेसंगै बिजेता टिमले नगद ५१ हजार सहित शिल्ड, मेडल तथा प्रमाणपत्र पाएको छ । आयोजक सुनिता स्मृतिले तलेजु युवा क्लब चित्लाङलाई पराजित गरेको हो ।

उपबिजेता तलेजुले नगद २६ हजार सहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्यो भने तेस्रो हुने आग्रा स्पोर्ट्सले १३ हजार र सान्त्वना हुने कोटडाडा युवा क्लबले नगद ५ हजार नगद पुरस्कार पाएको छ । प्रतियोगितामा आयोजक टिमका वेस्ट सटर बलराम सुवेदी घोषित भए । आयोजक टिमकै राजकुमार कर्मचार्य बेस्ट बल्कर भ एभने बेस्ट स्पाइकर तलेजु युवा क्लबका मनिष तामाङ, बेस्ट डिफेन्स पनि तलेजुकै बुद्धि दंगााल र उदयिमान खेलाडी कोटडाडा युवा क्लबका आकास कर्मचार्य भएका छन् ।

विजेता, उपविजेता टिम र उत्कृष्ट खेलाडीहरूलाई पुरस्कार वितरण कार्यक्रमको प्रमुख अतिथी तथा बागमती प्रदेश सामाजिक विकास मन्त्री कुमारी मोक्तान र थाहा नगरपालिकाका उपप्रमुख तथा विशेष अतिथी खड्गबहादुर गोपाली रहेका थिए । १२ चैतबाट संचालन भएको प्रतियोगितामा मकवानपुरका १२ वटा टिमको सहभागिता रहेको थियो । सहिद



सुनिता गोपालीको ४० औ जन्मजयन्तीको अवसरमा भएको हो ।

प्रतियोगिताको समापन समारोह प्रतिष्ठानका अध्यक्ष सुवर्ण गोपालीको सभाध्यक्षतामा भएको थियो ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
कार्यालय: थाहा-४
सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com

## गर्मीको मौसममा,


- झाडापखाला, वान्ता, आउँ, जण्डिस, टाइफाइडजस्ता रोगको जोखिम बढि हुन्छ ।
- लामखुट्टे, झिँगा, भुसुना आदिबाट रोग सर्न सक्दछ ।

त्यसैले, व्यक्तिगत सरसफाई र जनस्वास्थ्यका मापदण्ड पालना गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

*उपभोग्य वस्तु खरिद गर्दा उपभोग्य मिति हेरेर मात्र खरिद गरौं ।*

- विकास खबरपत्रिका










● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी